# जङ्गल र सीमाना सम्बन्धी सवाल, १८८५

## लेफटेन

ई. १८२८ (१८८५ पूस) को एउटा लालमोहरमा 'लेफटेन' (लप्टन, लेफ्टिनेन्ट) को पद अति महत्वको हुने देखिन्छ । सो लालमोहर महत्वपूर्ण हुँदा तल उद्धृत गरिएको छः-

आगे लेफटेन् हिराप्रतापसिंहके काली पूर्व मेचि पश्चिम जिल्लै मोरङ्ग मोतालुकै बिजैपुर जिल्ला सप्तरि महुत्तरि जिल्लै बारा पर्सा तप्पा रौतहट जिल्लै चिचौन बेलौट सझौट दरोवस्त कालिपूर्व मेची पश्चिम महाभारत दषिनका जङ्गल र सीमानामा जाइ तपसिल बमोजिम गर्ना काजको सवाल गरिबक्स्याको सवाल बमोजिम गर ।

## तपसिल

१. प्रथम सवाल- जिल्ले मोरङ्ग मोतालकै बिजैपुर जिल्लै बारापर्सा जिल्लै सप्तरि महत्तरि जिल्लै वेलोत सझौटका जंगलमा जाई जंगल चुऱ्या हेरि महाभार(त) हरिहरपुर मकवानपुर चौदंड चौदंडी गैऱ्ह पहाडमा निस्कन्या बाटा जाचि नभै नहुन्या मूल बाटा राषनु उपरचोर बाटा जति

नेपाल कानून आयोग

छन् सोल भाजा हालि बंद गराउनु भनि अघि जसका नाउमा लालमोहर भैगयाको छ उसबाट र मोहर नभयाका जगामा अमीलबाद बंद गराउनु

२. दोश्रो सवाल - कप्तान मुसली साहेवलाई काठ काटन भनि जिल्लै महुत्तरि प्रगन्ना कोरडी तप्पा बाहादुरा मध्ये लालमोहरले सिमाना छुट्याई दिपाका बनीगामा पट्टि मुधुबारका जंगलमा नीज कप्तानका गाडीलाई मात्र काठ काटी लैजान दिनु अरू कसै हिन्दुस्तानी गैह्राई काठ काटन नदिनु

३. तेश्रो सवाल - लालमोहरले सिमाना गरि छुट्याई दियाका जंगल बाहिक कप्तान मुसली साहेवले जबरजस्तिसित सिमाना नाघि काठ काटन लाग्यो भन्या जाहा काठ काटनको हुकुम छैन भनी बढियै पाढसित बुझाइ बंद गर्न्या काम गर्नु मानेन भन्या हाम्रा हजुरमा बिन्ति गरि पठाउनु हुकुम भया बमोजिम गर्नु

४. चौथौ सवाल - लोहंशद्वार कौसिकाद्वार जिजुगाद्वार कमलाद्वार गहिकर्ण पूर भूसि गैन्ह द्वारमा अघिदेखि चल्या बमोजिम काठमहा चलन दिनु

५. पाचौ सवाल - हाम्रो देहातकालाई घर मालिक षंभाषाभी थुनी वडेरा कोरो वति हला गैन्ह चाहिन्या काठ मात्र काटन दिनु अरू व्यापार

गर्न्या काठ काटन नदिनु कसैका मोलाहिजामा लागि बेपार गर्न्या काठ काटन दिइस् भन्या जियधनमा पर्ला

६. छैटौं सवाल - जिल्ला जिल्लामा आमील चौधरि सायेरदार गैऱ्हको सनद लि काठ काटन आयो भंन आयो भन्या सनद लेषिन्यालाई पक्री हाम्रा हजुर विन्ति गरि पठाउनु हुकुम भया बमोजिम गर्नुए

७. सातौं सवाल - अंगरेजको र हाम्रो ७३ सालमा भयाको वरोवस्त सिमानामा बर्षको २ फेरा हेरचाहार गर्दै रहनु कोहि जग्गामा मिनार लट्ठासिमाना विग्रया भक्तयाको देषियो भन्या हाम्रा हजुरमा बिन्ति गरि पठाउनु तेस जगाका जज् कलटर (कलेक्टर) लाई पनि फलाना जगाको सिमानामा यस्तो भयेछ भन्या विस्तार लेषि पठाउनु चिठिको जवाफ र मानिस आयो भन्या दुबै तरफका आमिल जैवार जिमिदार चौधरि कानुगोय मोकदक श्रेस्तादार गैऱ्ह जानिवकार राषि सिवाना सच्याउनु येकोहोरो आफ्ना तरफका मात्रि मानिस राषी कदाचित पनी सिमाना नसच्याउनु दुबै तरफका बसि सच्याउनु चिठिको जवाव पनि आयेन मानिस पनी आयेन भन्या हाम्रा हजुर विन्ति गरि पठाउनु हुकुम गया बमोजिम गर्नु

८. आठौं सवाल - मुगलानबाट अंगरेजका अमल बहादुरहरूले सिमाना गैऱ्हको कुरा लेष्या भन्या आफैंगै हेरिबुझि तेस जिल्लाका दुबै





नेपाल कानून आयोग

तरफका जानिवकार मानिस राषी ७३ सालमा सिमान बमोजिम सच्याइ हाम्रा तरफबाट चापियाको ठहऱ्यो भन्या जग उस तरफ लगाइ दिनु जगा चापन्यालाई कायेल गराई कायेलनामा हाम्रा हजुरमा चढाइ पठाउनु उस तरफबाट चापियाको ठहऱ्या भन्या फलाना जगामा सिवाना भित्रको सर्कारको येति जमीन चापिएछ भनी तहाका जज कलटरलाई लेषी पठाउनु वहाबाट फर्छा भै आयो भनया बढियै भयो फर्छा आयेन भन्या हाम्रा हजुरमा बिन्ति गरि पठाउनु हुकुम गया बमोजिम गर्नु

९. नवम सवाल - जिल्ला जिल्लामा फौजदार चौधरि कानुयोग ठिकेदार जेठ रैयत गैऱ्हले विजाइ गऱ्यो भनि कसैले फिऱ्याद गर्न आयो भन्या उस जिल्लाका मुक्त्यार आमिलको कचहरिमा पुऱ्याइदिनु आमिलैले विजाइ गऱ्यो भनि फिऱ्याद गर्न आयो भन्या तहकीकात गर्दा आमिलको बेजाइ ठहर्न्याको रहेछ भन्या विस्तार लेषी हाम्रा हजुरमा विन्ती गरि पठाउनु

१०. दसम सवाल- केही देस देसावरबाट बडा बडा मानिसका चिठि पत्र तं छेउ पठाया भन्या तेस जिल्लामा रहना मुक्तयार भारदारसित लैगी चिठिको मतलव बुझि ताहिबाट जवाव दि हुन्या भया जवाव लेषी पठाउनु

आफुले आट्न नसक्याको कुरा हाम्रा हजुरमा विन्ति गरि पठाउनु हुकुम गया माफिक गर्नु

११. यघारौं सवाल - तैले र तेरा तैनाथि सिपाहिहरू कतै जादा आउदा धुमधाम गरि प्रजालाई नपिराउनु बेठ बेगार सिधाबारि नलाउनु घुसरीसवत् नखानु वातचित गर्दामा चर्को नपार्नु जसले धुमधाम गरि प्रजापिराउला वेठ बेगर सिधावारिलावला घुसरीसवत् षाला वातचित गर्दा चर्को पार्ला त्यसलाई भारि दंडशासना होला

१२. बाह्रौं सवाल - जंगलमा कतै मिल्यो भन्या हात्तिदात गैडा षाग गौरी गाइका बच्चा सिङ वंसलोचन गैह्र वढिया चिज मिल्याको आमील छेउ नै बेगारि मागी अजुरादि (मजुरादि) बोकाइ हाम्रा हजुर चढाइ पठाउनु

१३. तेह्रौं सवाल - देसदेसावरको तं छेउ कच्चा पक्का षवर कतैबाट आयो भन्या आफुले बुझि लेषी हाम्रा हजुरमा विन्ति गरि पठाउन्या गर्नु ।

१४. चौधौं सवाल - बंद भयाका बाटाबाट हिडन्या कोहि नसनार वटमार चोर छिनार भागी नसि (नासि) गयाकालाई फेला पार्‍या आलमाल समेत पक्री ताहाका आमील छेउ पुर्‍याइ दिनु

१५. पंध्रौं सवाल - येस सिमाना भित्रका जगा जगामा रह्याका पल्टन् कम्पनी षादस्या ढोकावाल गैऱ्ह जागिरदारको षसोषास कसैका माया मोलाहिजामा न लागि बर्ष १ को २ फेरा वर्षजाना नालनिसान र जवान समेतको हाजिरि लिन हाजिरि लियाको फर्द हाम्रा हजूर चऱ्हाइ पठाउनु

१६. सोह्रौं सवाल - येस काजलाई चाहिन्या मानिस तपसील बमोजिमका जवानको तागिरि वाहालि समेत तैनाथ गरिबक्स्यौं ।

**तपसिल**

क। जिल्लै वारा कडरवाना गठिमा रह्याका कम्पनी बाहिकका जमदारसमेत पट्टि १ के जवान १६

ख। जमादार वहवल्दार १ सिपाहि १४

ग। जिल्लै सप्तरि महुत्तरि रूपैठा नराहागठिमा रह्याका कम्पनी बाहिक जमादार समेत पट्टि १ के जवान १५

घ। जमादार दुई हवल्दार १ सिपाही १३

ङ। शाधुरिगढिमा रह्याका जमादार स्मेत पट्टी १ जवान २६

च। जमादार १ हवल्दार २ अमलदार ८

छ। सिपाहि २१





नेपाल कानून आयोग

ज।   जमादार १ अमल्दार १ सिपाही १४

झ।   पीपा ५

इति सम्बत १८८५ साल मिति पौष सुदि ९रोज ३ शुभम्

साभारः नेपालको वैधानिक परम्परा, डा. जगदीशचन्द्र रेग्मी

पाठ्यक्रम विकास केन्द्र,

त्रिभुवन विश्वविद्यालय

नेपाल कानून आयोग